# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ४ | संख्या २ | मितिः २०७७/०६/२५ |
| --- | --- | --- |

**भाग २**

**रावा बेसी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा वेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

सम्बत् २०७६ सालको निर्देशिका, कार्यविधि संख्या- ५

## प्रस्तावित विद्यालयमा अनुदान रकम वितरण कार्यविधि, २०७६

प्रस्तावना : सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकशिक्षिकाहरुलाई तलब भत्ता वितरणको लागि अनुदान रकम उपलब्ध गराई शिक्षक शिक्षिकामा हौसला वढाई विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाई सहज र सरल रुपमा शिक्षा प्रदान गरी शैक्षिक गुणस्तरमा वृद्धि ल्याउन वाञ्छनीय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद १५ को दफा २ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "विद्यालयमा अनुदान रकम वितरण कार्यविधि,२०७६" रहेको छ।

(२) यो कार्यविधि रावा बेसी गाउँ कार्यपलिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०७६।७७ सम्म लागू रहने छ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ख) “स्थानीय तह“ भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रावा वेसी गाउपालिका सम्झनु पर्दछ ।

(ग) “विद्यालय“ भन्नाले भन्नाले रावा वेसी गाउपालिकाका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(घ) “शिक्षा शाखा” भन्नाले रावा बेसी गाउँपालिकाको कार्यालयको शिक्षा सम्बन्धी काम गर्ने शाखा वा त्यस्तो काम गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ ।

परिच्छेद- २

संख्या यकिन तथा अनुदान रकम वितरण

३. निजी शिक्षकहरुको संख्या यकिन गर्ने : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकहरुको संख्या यकिन गर्ने ।

(२) संख्या यकिन भै आए पछि शिक्षा शाखाले सामुदयिक विद्यालयहरुसँग तलव माग फारम माग गर्नुपर्नेछ ।

(३) शिक्षा शाखाले माग गरे बमोजिम आ-आफ्नो विद्यालयमा कार्यरत निजी शिक्षकहरुको तलव माग फारम पेश गर्नु पर्नेछ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

(४) सामुदायिक विद्यालयबाट निजी शिक्षकहरुको तलव माग फारम पेश भए पछि गाउँसभाबाट वित्तिय समानीकरण अनुदान सामाजिक विकास शीर्षकमा विनियोजन भएको अनुदान रकम विद्यालयको बैक खातामा जम्मा गर्नु पर्नेछ ।

(५) आफ्नो विद्यालयको बैक खातामा रकम जम्मा भए पछि निजी शिक्षकहरुलाई तलव भत्ता भूक्तानी गरी सो को फाँटवारी शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(६) सामुदायिक विद्यालयका निजी शिक्षकहरुका लागि उपलब्ध गराईएको अनुदान रकम निजी शिक्षकको तलब भत्तामा बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन ।

(७)कार्यक्रम प्रभावकारी तथा सम्बन्धित शीर्षकमा खर्च भए नभएको शिक्षा समिति र शिक्षा शाखा मार्फत अनुगमन गरिनेछ ।

परिच्छेद- ३

विविध

(४) दिर्घकालिन स्रोत व्यवस्थापन :(१) सामुदायिक विद्यालयले दरवन्दिको शिक्षकले नपुग भे निजी शिक्षक राख्नु पर्ने अवस्था भएमा तर गाउँपालिकाले नियमित रुपमा अनुदान रकम उपलब्ध गराउन नसकेको



रेशम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

खण्डमा पनि विद्यालयले आफ्नै स्रोत र बजेटको व्यवस्थापन गरी निजी शिक्षकहरुलाई तलव भत्ताको सुनिश्चितता गर्नु पर्नेछ ।

प्रतिवेदन पठाउनु पर्ने : सामुदायिक विद्यालयले गाउँपालिकाले दिएको अनुदान रकमको तोकिएको ढाँचामा गाउँपालिकामा प्रतिवेदन पठाउनु पर्नेछ ।

अनुसूची हेरफेर वा थपघट गर्ने : गाउँपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः २०७७/६/२५

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत